# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## खाँदबारी नगरपालिका
## संखुवासभा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**अनामनगर, काठमाडौं, नेपाल**
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं.१**

पत्र संख्याः २०७८।७९
च.नं.३८९

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
खाँदवारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
संखुवासभा ।

**कैफियतसहितको राय**

हामीले खाँदबारी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.३ करोड ८३ लाख ७२ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु.२ लाख ४८ हजार फस्यौंट भई बाँकी बेरुजु रु.३ करोड ८१ लाख २४ हजार कायम भएकोमा असुल गर्नुपर्ने रू.१ करोड ५९ लाख ४५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६ लाख ३८ हजार, नियमित गर्नुपर्ने रू.६६ लाख ४० हजार र पेश्की रू.४९ लाख १ हजार रहेको छ । नगरपालिकाको गत वर्षको रु.१९ करोड २० लाख १४ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजु रु.२२ करोड ९९ लाख ८२ हजार रहेको छ । नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## खाँदबारी नगरपालिका, संखुवासभा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | १०५ | ३८३७२ | ० | २ | २४८ | ७० | १०३ | ३८१२४ | १५९४५ | ६६४० | १०६३८ | ० | ० | १७२७८ | ४९०१ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| संखुवासभा | १९२०१४ | ० | १५६ | १९१८५८ | ० | ३८१२४ | २२९९८२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : खाँदवारी नगरपालिका, संखुवासभा , खाँदबारी नगरपलिका , संखुवासभा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ओम प्रसाद सुवेदी | २०७८-८-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रुद्र मणी श्रेष्ठ | २०७६-१२-१ | |
| | | **बेरुजु रकम** | ३८,१२३,४८१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १२,६८,३६,७७१.०९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४८,६५,१६,६९४ | **चालु खर्च** | ३९,०२,२०,१६४ |
| **प्रदेश सरकारबाट अनुदान** | १,७८,०३,१४८ | **पूँजीगत खर्च** | २५,३०,५५,७३५ |
| **राजश्व बाँडफाँट** | ५४,२५,००० | **वित्तीय/अन्य व्यवस्था** | ६,१३,१८,७७० |
| **आन्तरिक आय** | १०,५६,५५,१६८.७ | | |
| **अन्य आय** | ९,३९,४०,८८८.८७ | | |
| **कुल आय** | ७०,९३,४०,८९९.५७ | **कुल खर्च** | ७०,४५,९४,६६९ |
| **बाँकी मौज्दात** | | १३,१५,८३,००२.१६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो। प्रदेश नम्बर १ अन्तर्गत ११ वडा, सभा सदस्य ५७ जना, १२२.७८ व.कि.मी. क्षेत्रफल र ३५६२८ जनसंख्या रहेको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>वित्तीय विवरणः<br>नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो विवरण प्राप्त भएता पनि सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एवं विस्तृत विवरण नखुलाइ पेश हुन आएको छ। पालिकाको सम्पुर्ण आर्थिक कारोबार SuTRAमा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको रु. ९,०२,९३,५८६।– SuTRA सफ्टवयेरमा समावेश नभएको व्यहोरा कार्यालयले जनाएको छ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>जिम्मेवारी फरक परेकोः<br><br>जिम्मेवारी फरक परेकोः स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ। तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १४,६५,२७,६६६.४६ मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु. १२,६८,३६,७७१.०९ जिम्मेवारी सारेको देखियो। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १९६९०८९५.३७ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ। साथै गत वर्षको SuTRA को वित्तीय विवरण मलेप फा नं २७२ मा वर्षन्तको बाँकी रु. १४,६७,८८,८११.४६ रहेकोमा यस वर्षको शुरुमा रु. १२,६८,३६,७७१.०९ मात्र देखिन्छ। वर्षन्तमा बाँकी रहेको रकम वरावरको रकम जिम्मेवारी सार्नुपर्नेमा रु. १,९९,५२,०४०.३७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन हुनुपर्ने देखिन्छ। यस सम्बन्धमा कार्यालयले देहाय बमोजिम एकीकृत वित्तीय विवरण तयार गरेको छ।<br>एकिकृत वित्तीय विवरण
<table>
<tr><th>विवरण</th><th>आय तर्फ</th><th>गतको बचत</th><th>रकम</th><th>व्यय तर्फ</th><th>रकम</th><th>रकम</th></tr>
<tr><td rowspan="2">आन्तरिक तर्फ</td><td>गतको बचत</td><td></td><td>१२४०६७३२१.११</td><td>चालु खर्च</td><td></td><td>४६९७९५९५९</td></tr>
<tr><td>संचित कोष खाता</td><td>१२४०६७३२१.११</td><td></td><td>संघीयसमानीकरण</td><td>२६३२७०६६</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>राजस्वबाँडफाँड</td><td>६७०२७८१२</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>आन्तरिकस्रोत</td><td>४३०७२२४९</td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | संघीयशसर्त | २४८६५०४५३ | | | |
| | | | | | | | | सामाजिकसुरक्षा | ७९०७२४४५ | | | |
| | | | | | | | | प्रदेशसमानीकरण | १७१७५२८ | | | |
| | | | | | | | | प्रदेशसशर्त | ९५२५३१ | | | |
| | | | | | | | | गरीवसँगविश्वेशवर | ५०३३५० | | | |
| | | | | | | | | **पुँजीगतखर्च** | | २६१३९३१०७ | | |
| | | | | | | | | संघीयवित्तीय समानीकरण | १०२२७९०१७ | | | |
| | | | | | | | | आन्तरिकस्रोत | ६८४३४२५२ | | | |
| | | | | | | | | संघीयशसर्त | ३५२१०६६४ | | | |
| | | | | | | | | संघीयसमपुरक | २९४०१६५८ | | | |
| | | | | | **गतको बचत** | | २२४६०३४५.३५ | | | | | |
| | | | | **धरौटी** | धरौटी | २७६९४४९.९८ | | प्रदेशसमानीकरण | २१२४४८८ | | | |
| | | | | **विशेष कोष** | कर्मचारीकल्याण कोष | १२३६५३८१.१७ | | प्रदेशशसर्त | ४८३२८०३ | | | |
| | | | | | मर्मत संभार कोष | 873898.20 | | प्रदेशसमपुरक | ४८११८१४ | | | |
| | | | | | वातावरण संरक्षण कोष | ४८९१४२ | | सामाजिकविकास कार्यक्रम | ३६००००० | | | |
| | | | | | विपद व्यवस्थापन कोष | २५९४३७४ | | स्थानीयपूर्वाधार विकास | ७११७७९१ | | | |
| | | | | | आकस्मिक कोष | ७६८१०० | | | | | | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | विभाज्यकोष | २६००००० | | | | | | |
| | | | | | **चालु आ.व.को आम्दानी** | | | | | | | |
| | | | | **केन्द्रतर्फ** | वित्तीयसमानीकरण | | १७०७००००० | धरौटी | २१३२४१७.५० | २१३२४१७.५० | | |
| | | | | | राजस्व बाँडफाँड | | ७१६७८४५३.१४ | अन्यखर्च (कर्मचारी कल्याण कोष,मर्मतसंभारऽवातावरण संरक्षण कोष, विपद, आकस्मिक कोष, करुणा फाउण्डेसन, सडक बोर्ड) | ६१५६८२७१ | ६१५६८२७१ | | |
| | | | | | शसर्तअनुदान | | ३१७२५९००० | फिर्ताखर्च प्रदेश को ले नि | ७१९९८५२ | ७१९९८५२ | | |
| | | | | | समपुरकअनुदान | | ३२३२७५०० | फिर्ताखर्च को ले नि | ३६१५०२२५ | ३६१५०२२५ | | |
| | | | | **प्रदेश तर्फ** | वित्तीयसमानीकरण | | ७२०६००० | | | | | |
| | | | | | शसर्त अनुदान | | ७७९७००० | | | | | |
| | | | | | समपुरक अनुदान | | १००००००० | **श्रेष्ताअनुसार मौज्दात** | | १३१६७२७५०.७६ | | |
| | | | | | राजस्व बाँडफाँड | | ६००७७२७.३४ | आन्तरिकराजस्व खाता | | | | |
| | | | | **राजस्व** | आन्तरिक आय | | २८०६०२३६.८२ | चालु खाता | | | | |
| | | | | **अन्य** | सामाजिकसुरक्षा | | ७९०७२४४५ | पुजीगतखाता | | | | |
| | | | | | स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | ७११७७९१ | संचित कोषखाता | ९०८५७६८१.४१ | | | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गरीवसँग विश्वेश्वर कार्यक्रम | | ५०३३५० | धरौटी खाता | ७०९०४४०.४८ | | |
| | | | | सामाजिक विकास कार्यक्रम | | ३६००००० | विविध कोषखाता | २०७१५१३०.३७ | | |
| | | | | | | | विपदव्यवस्थापन कोष | ५१९०८४३ | | |
| | | | | | | | आकस्मिककोष खाता | ४७४६१० | | |
| | | | | | | | विभाज्यकोष | ५४२५००० | | |
| | | | **धरौटी** | धरौटी | | ६४५३४०८ | विविधखर्च खाता | १९१९०४५.५० | | |
| | | | | कर्मचारीकल्याण कोष | | ५०००००० | | | | |
| | | | | मर्मतसंभार कोष | | ४३२६०००० | | | | |
| | | | | वातावरणसंरक्षण कोष | | २८९८१८० | | | | |
| | | | | विपदव्यवस्थापन कोष | | १२६७३५६१ | | | | |
| | | | | आकस्मिककोष | | १०००००० | | | | |
| | | | | विभाज्यकोष | | २८२५००० | | | | |
| | | | | करुणाफाउण्डेसन | | ४२७९८७७ | | | | |
| | | | | आइ टिअधिकृत | | १४४९६७.५० | | | | |
| | | | | सडक बोर्ड | | ३५२०४१९ | | | | |
| | | | | **कुल जम्मा रु.** | **१४६५२७६६६.४६** | **९६९९१२५८२.२६** | **कुल जम्मा रु** | **९६३८५९४३७.२६** | **९६९९१२५८२.२६** | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| ४ | | | **बैङ्क हिसाब मिलान नगरकोः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैङ्क हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने देखिन्छ। | |

| क्र.सं. | कोष/खाता | खाता नं | श्रेस्ता अनुसारको मौज्दात | बैंक अनुसारको मौज्दात | फरक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ग १.१ आन्तरिक राजस्व खाता | २०८०१००३०१०१०००२ | ० | २९६७७ | २९६७७ | बैङ्क बढी |
| २. | ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | २०८०१००३०१०२०००२ | ० | ० | ० | ० |
| ३. | ग १.३ आन्तरिक अनुदान खाता | २०८००३०१०३००२ | ० | ० | ० | बैङ्क खाता बन्द भइसकेको |
| ४. | ग १.३ आन्तरिक अनुदान खाता | २०८०१००३०१०३०००२ | ० | ० | ० | ० |
| ५. | ग २.२ चालु खर्च खाता | २०८०१००३०२०२०००२ | ० | २१०७२० | २१०७२० | बैङ्क बढी |
| ६. | ग २.४ पुँजिगत खर्च खाता | २०८०१००३०२०४०००२ | ० | १०१०४९३ | १०१०४९३ | बैङ्क बढी |
| ७. | ग २.७ विविध खर्च खाता | २०८०१००३०२०७०००२ | १९१९०४५.५० | १९१९०४५.५ | ० | ० |
| ८. | ग ३.१ स्थानिय तह धरौटी खाता | २०८००३०३००००००२ | ० | ० | ० | बैङ्क खाता बन्द भइ संचालनमा नभएको |
| ९. | ग ३.१ स्थानिय तह धरौटी खाता | २०८०१००३०३००००००२ | ७०९०४४०.४८ | ७०९०४४०.४८ | ० | ० |
| १०. | ग ३.१ स्थानिय तह धरौटी खाता | २०८०३०३००७१०२ | ० | ० | ० | बैङ्क खाता बन्द भइ संचालनमा नभएको बैङ्क मौजात नभएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११. | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | २०८०१००३०४०१०००२ | ९०८५७६८१.४१ | ९०६१५११५.४१ | २४२५६६ | बैङ्क घटी |
| १२. | ग ५.१ स्थानीय तह विविध कोष खाता वातावरण संरक्षण कोष बन्द भइसकेको | २०८००३०५०१०००२-१ | ३७४१७० | ० | ३७४१७० | बैङ्क खाता बन्द भइ विविध कोष खाता २०८०१००३०५०१०००२। १ मा रकम ट्यान्फर गरिएको |
| १३. | ग ५.१ स्थानीय तह विविध कोष वातावरण संरक्षण कोष | २०८०१००३०५०१०००२-१ | १४१९५९० | ० | १४१९५९० | बैङ्क घटी |
| १४. | ग ५.१ स्थानीय तह विविध कोष खाता मर्मत सम्भार कोष | २०८०१००३०५०१०००२-२ | १५१०८३९.२० | २०७०७९३७.३७ | १९१९७०९८.१७ | बैङ्क बढी |
| १५. | ग ५.१ स्थानीय तह विविध कोष खाता कर्मचारी कल्याण कोष | २०८०१००३०५०१०००२-३ | १७४१०५३१.१७ | ० | १७४१०५३१.१७ | बैङ्क घटी |
| १६. | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | २०८०१००३०६०१०००२ | ५४२५००० | ५४२५००० | ० | ० |
| १७. | ग ७.१स्थानीय तह आकस्मिक कोष खाता | २०८०१००३०७०१०००२ | ४७६११० | ४७६११० | ० | ० |
| १८. | ग ७.२ प्रकोप व्यवस्थापन खाता | २०८०१००३०७०२०००२ | ५११९०८४३ | ५११९०८४३ | ० | ० |
| | **जम्मा** | | १३१६७४२५०.७६ | १३२६७५३८१.७६ | १००११३१.२४ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छैन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन। • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन। • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ-टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.२,३३,९५,७७२।- खर्च लेखेको पाईयो।<br>• पालिकाले २०७७/७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची-२११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैङ्क खडा गरेको देखिएन।<br>• दिगो बिकास योजना (२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिकोतर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन। तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारीः**<br>बजेट पेश, पारित र अख्तियारीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उप प्रमुख श्री डेगेश्वरी श्रेष्ठले २०७७।३।१० मा रु. ६१ करोड ८३ लाख ७० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानुनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>चौमासिक पुँजीगत खर्चः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। साविकको आर्थिक कार्यविधि नियमावली बमोजिम कार्यालयले त्रैमासिक प्रगति विवरण नवनाई चौमासिक पुँजीगत खर्चको विवरण देहाय बमोजिम पेश छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।<br>
<table>
<tr><th>सि. नं.</th><th>पुँजीगत खर्च शीर्षक</th><th>कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th></tr>
<tr><th></th><th></th><th></th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>१</td><td>कूल खर्चः</td><td>२५३०५५७३५</td><td>४३९८७५४१</td><td>४०४३७६२६</td><td>१६८६३०५६८</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>१७.३८%</td><td>१५.९७%</td><td>६६.६३%</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चः<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।<br><br>
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>४०९२४२४२</td><td>२७०२७३७१</td><td>४.२०</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>३१२१३१५५०</td><td>२७९१७७६५३</td><td>४३.४०</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>२४३६७४७९५.११</td><td>१८६९६९१२२</td><td>२९.०६</td></tr>
<tr><td>सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र</td><td>१०९६७०००</td><td>५४१०९९२</td><td>०.८४</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१७८०७४०५३</td><td>१४४६९०७६१</td><td>२२.५०</td></tr>
<tr><td>जम्मा</td><td>७८५७७१६४०.११</td><td>६४३२७५८९९</td><td>१००</td></tr>
</table>
उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ४.२० प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४३.४० प्रतिशत, पूर्वाधारतर्फ २९.०६ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ ०.८४ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च २२.५ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ४.२० प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ। साथै, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा विनियोजन रकम एवं खर्च अभिबृद्धि गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br>खर्च बिश्लेषणः पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २,८०,६०,२३६.८२ राजस्व बाँडफाँड र अनुदानबाट रु. ६२,५३,५६,०९९.४८ समेत रु. ६५,३४,१६,३३६.३० आम्दानी भएकोमा चालुतर्फ रु. ३९,०२,२०,१६४।- र पुँजीगततर्फ रु. २५,३०,५५,७३५।- र वित्तीय व्यवस्थातर्फ शून्यसमेत रु. ६४,३२,७५,८९९।- खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा ४.३६ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु. १,०२,०२,०००।- खर्च भएको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.६७ प्रतिशत चालु र ३९.३३ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>योजना र कार्यान्वयनः<br>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै, योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:
<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु. १ लाख भन्दा कमको योजना</td><td>७५</td><td>३९१६६२०.५</td></tr>
<tr><td>२</td><td>रु. एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>३१८</td><td>६१८१३३३३</td></tr>
<tr><td>३</td><td>रु. ५ लाख देखि १० लाख सम्मका योजना</td><td>५२</td><td>२८०३५०००</td></tr>
<tr><td>४</td><td>रु.१० लाख एक देखि ५० लाख सम्मका योजना</td><td>७</td><td>३९४८४०००</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>१</td><td>६९५०८८१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४५३</td><td>१४०१९९८३४.५</td></tr>
</table></td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>कल्याण कोषः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ५० लाख ट्रान्सफर गरेको छ। तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। यसरी कानुनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **कर्मचारी करारः**<br>कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर, पालिका कार्यालयले विभिन्न पदमा ५६ जना कर्मचारीहरु करारमा राखी रु. १,७७,०२,१४६।- खर्च लेखेको छ। | |
| १३ | | | **न्यायिक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको २० गरी कुल २६ विवाद दर्ता भएकोमा १८ वटा मात्र फछर्यौट भई ८ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| १४ | | | **आन्तरिक लेखापरीक्षणः**<br>आन्तरिक लेखापरीक्षणः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयबाट आन्तरिक लेखापरीक्षण भएकोमा अन्तिम लेखापरीक्षण अगावै फछर्यौट गराउनुपर्नेमा फछर्यौट गराएको छैन। | |
| १५ | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ ९ वटै वडाहरुको समेत रु. २२,१५,०८३।- खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। | |
| १६ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। यस स्थानीय तहले अन्य धार्मिक साँस्कृतिक संस्था तथा व्यक्तिगत सहायता भनी रु. ५,४३,०००।- विभिन्न व्यक्ति एवं संघ संस्थालाई आर्थिक सहायता वितरण गरेको पाइयो। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **अनुदान फिर्ताः**<br>संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले पेश गरेको विवरण अनुसार देहाय बमोजिम शसर्ततर्फको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.<br><table><tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>कोलेनिका फिर्ता</th><th>बाँकी रकम</th></tr><tr><td>**संघीय सरकार**</td><td>शसर्त</td><td>३१७२५९०००</td><td>२८३८६१११७</td><td>३३२२४३८३</td><td>१७३५००</td></tr><tr><td></td><td>विषेश</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr><tr><td></td><td>समपुरक</td><td>३२३२७५००</td><td>२९४०१६५८</td><td>२९२५८४२</td><td>०</td></tr><tr><td>**प्रदेश सरकार**</td><td>शसर्त</td><td>७७९७०००</td><td>५७८५३३४</td><td>२०११६६६</td><td>०</td></tr><tr><td></td><td>विषेश</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr><tr><td></td><td>समपुरक</td><td>१००००००००</td><td>४८११८१४</td><td>५१८८१८६</td><td>०</td></tr><tr><td></td><td>**जम्मा**</td><td>**३६७३८३५००**</td><td>**३२३८५९९२३**</td><td>**४३३५००७७**</td><td>**१७३५००**</td></tr></table><br>कार्यालयको मिति २०७९/३/६ को प्रतिक्रिया उपर निर्णयबाट फर्छ्यौट | |
| १८ | | | **अनुदानको अनुगमनः**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर, पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न संस्थालाई बीउपुँजी तथा अनुदान लगायतमा विभिन्न संस्थालाई रु. २७,७१,९९९।- खर्च लेखेका छन। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै, अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन्। तसर्थ, अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कर अनुमान र संकलनः**<br>कर अनुमान र संकलनः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा यस वर्ष प्रक्षेपण गर्दा शीर्षकगत नगरी एकमुस्ट आय रु. २,००,००,०००।- लाख प्रक्षेपण गरेकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार रु. २,८०,६०,२३६.८२ संकलन भएको देखिन्छ। कार्यालयले शीर्षकगत आय विवरण राखेको छैन।पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ। पालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैङ्क मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन। | |
| २० | | | **रकम ढिला दाखिला गर्नेः**<br>आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ। स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ। | |
| २१ | | | **व्यवसाय करः**<br>प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरङ्गको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामग्रीमा गरिने विज्ञापनमा कर लागाइ असुल गरी उल्लेख छ। तर पालिकाले यस सम्बन्धी कुनै कर असुल गरेको देखिएन। | |
| २२ | | | **मनोरञ्जन करः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। २०७७/७८ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ। | |
| २३ | | | **अभिलेखः**<br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **असुली गर्न बाँकी आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। कार्यालयको एमबुलेन्स सञ्चालन गरेबापत एम्बुलेन्स चालक योगेन्द्र घलेबाट उठेको रकम रु. २,१८,७५०।- हालसम्म पनि दाखिला नभएकोले निजबाट असुल गरी दाखिला गर्नुपर्ने रु | २१८,७५० |
| २५ | | | **राजश्व बाँडफाँडः**<br>स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु.<br><table><tr><th>आय शीर्षक</th><th>संकलित रकम</th><th>प्रदेशलाई पठाउनु पर्ने प्रतिशत</th><th>पठाएको रकम</th><th>पठाउन बाँकी रकम</th></tr><tr><td>अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी</td><td>२८२५०००</td><td>११३००००</td><td>०</td><td>११३००००</td></tr></table> | १,१३०,००० |
| २६ | | | **उपभोक्ता समिति दर्ताः**<br>उपभोक्ता समिति दर्ताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिदैन। पालिकाले यो वर्ष विभिन्न ४५३ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु. १४,०१,९९,८३४.५० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन। त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ। | |
| २७ | | | **हेभी इक्विपमेण्टको प्रयोगः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २८ | | | **जटिल संरचना निर्माणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ। | |
| २९ | | | **गुणस्तर परीक्षणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ। गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ। निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ। | |
| ३० | | | **एजविल्ट नक्सा पेश नभएकोः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनामा भएको नपाइएकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ। | |
| ३१ | | | **मर्मत सम्भार कोषः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न आयोजना कार्यक्रम सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **नापी किताबः**<br>निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ।अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिंदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखीनु पर्दछ। | |
| ३३ | | | **सवारी साधन खरिदः**<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान मोटरसाइकल र १ थान स्कुटरसमेत रु. ९,६२,७००।- सवारी साधन खरिदमा खर्च गरेको छ। | |
| ३४ | | | **डीपीआर खर्चः**<br>बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस स्थानीय तहले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ। | |

| क्र.सं. | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | डम्बर खडका बहुप्राविधिक शिक्षालय | एलिभेनस्स ईन्जिनिरिङ्ग कन्सल्टेन्टस | ४६४६३६ | ४६२७३५ | ७३५०५१४९ |
| २ | मिलन चोक बसपार्क चिसापानी माल्टा सरस्वती मावि सडक | मोनोटेक ईन्जिनिरिङ्ग कन्सल्टेन्टस् प्रालि | ४९९१७५ | ४९७५३९ | २६०६०६२५२ |
| ३ | सभाखोला गेट निर्माण | जि आई ईन्जिनिरिङ्ग एण्ड ह्युमन रिसोर्स एकेडेमी | ४९६३६३ | ४६३३०० | |
| ४ | अर्चले रयालेबेसी मोटरबाटो स्तरोन्नति | नेपाल जियोटेक्निकल ल्याबरेटोरिज एण्ड रिसर्च सेन्टर प्रालि | ४९४९८१ | ४९३५३८ | ४९५१९८३२ |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ५००५ सिढी निर्माण | नेपाल केवलवेज कम्पनी प्रालि | ४९८०३६ | ४९७२०० | ४२८६९४४४ |
| ६ | छहरे झरना निर्माण | मोनोटेक ईन्जिनिरिङ्ग कन्सल्टेन्टस् प्रालि | ४९६३६३ | ४९२११५ | १०४५०००४९ |
| ७ | चारधारा निर्माण | निर्माण्डु ईन्जिनिरिङ्ग सेवा | ४९८०३६ | ४९१५५० | ४३३०६९४२ |
| ८ | नगर गुरुयोजना | परियोजना सोध एवं ईन्जिनिरिङ्ग समूह | १८२६९१३ | ३६४०३६ | ० |
| ९ | अरुण नदी पाँग्मा खोला | एक्मेटिक ईन्जिनिरिङ्ग कन्सल्टेन्सी एण्ड बिल्डर्स प्रालि | ७९७१४७ | ३९५५०० | ० |
| १० | पाँमा रंगशाला | आइडियल सोलुशन प्रालि | ५९६९४३ | ५७६३०० | ८९१४११०८ |
| | | **जम्मा:** | **६६६८५९३** | **४७३३६३३** | |

।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर. तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै, यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ। | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी संख्या | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री हिमालय खाँदबारी | २५ | २५ | ५ | १२२५ |
| २ | श्री महेन्द्र मा वि मानेभञ्ज्याङ | २२ | २२ | २ | ६४० |
| ३ | श्री बागीश्वरी मा वि ढुङ्गेधारा | १८ | १८ | २ | ३८१ |
| ४ | श्री मनकामना मा वि तुम्लिङटार | २१ | २१ | ९ | ९८७ |
| ५ | श्री जनता मा वि चन्दनपुर | १८ | १८ | ३ | ५१९ |
| ६ | श्री हिमालय मा वि आङ्ला | १३ | १३ | २ | २३५ |
| ७ | श्री विद्योदय मा वि पांठा | १४ | १४ | २ | ३१२ |
| ८ | श्री कालिका मा वि सेकाहा | ११ | ११ | ० | २७० |
| ९ | श्री जालपा मा वि चेवा | १३ | १३ | ३ | ३३२ |
| १० | श्री मंगलादेवी मा वि तीनपोखरी | १२ | १२ | २ | ३७६ |
| ११ | श्री आदर्श विद्यामन्दिर पाठकगाउ | ११ | ११ | २ | ३९६ |
| १२ | श्री सरस्वती मा वि माल्टा | १२ | १२ | २ | २१४ |
| १३ | श्री आदर्श मा वि पिप्ले | १३ | १३ | २ | ३६१ |
| १४ | श्री हिमालय आ वि राम्चे | ८ | ८ | २ | १७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १५ | श्री लक्ष्मी आ वि गुवाबारी | ११ | ११ | २ | ३७५ | | |
| | | | | १६ | श्री भद्रकाली आ वि चेवाबेसी | ७ | ७ | १ | १०३ | | |
| | | | | १७ | श्री सिंहेश्वरी आ वि बोहोराटार | ६ | ६ | १ | ८० | | |
| | | | | १८ | श्री मंगलादेवी आ वि हेलुवाबेसी | ७ | ७ | २ | १०८ | | |
| | | | | १९ | श्री सिद्दकाली आ वि स्याम्दाङ्गाउ | ३ | ३ | ० | १९ | | |
| | | | | २० | श्री सरस्वती आ वि थालडाडा | ३ | ३ | १ | ५० | | |
| | | | | २१ | श्री जालपा आ वि योगिडाडा | ३ | ३ | ० | ६१ | | |
| | | | | २२ | श्री सिद्ददेवी आ वि दुब्लिचौतारा | ४ | ४ | ० | ५३ | | |
| | | | | २३ | श्री मंगलादेवी आ वि गैरीपांमा | ४ | ४ | १ | ४२ | | |
| | | | | २४ | श्री अरुण आ वि बतासे | ३ | ३ | ० | ३२ | | |
| | | | | २५ | श्री बालचेतना आ वि नागेश्वरी | ३ | ३ | १ | ५० | | |
| | | | | २६ | श्री शान्ती आ वि मयम | १ | १ | १ | २४ | | |
| | | | | २७ | श्री देउराली आवि छ्याङ्कुटी | २ | २ | ० | २६ | | |
| | | | | २८ | श्री बालबालिका आ वि चिप्ले | २ | २ | ० | २७ | | |
| | | | | २९ | श्री शि२शुकल्याण आ वि धन्चेढुंगा | २ | २ | ० | २३ | | |
| | | | | ३० | श्री शितला प्रा वि अर्चले | ३ | ३ | ० | ४३ | | |
| | | | | ३१ | श्री चन्द्रोदय आ वि ढुंगेविसाउनी | २ | २ | ० | ३६ | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३२ | श्री भिरेश्वर आ वि खोरण्डे | २ | २ | ० | ३३ | | |
| | | | | ३३ | श्री लोकतन्त्र आ वि रातमाटे | २ | २ | ० | २३ | | |
| | | | | ३४ | श्री सरस्वती आ वि हेलुवा | २ | २ | ० | ३६ | | |
| | | | | ३५ | श्री मंगलादेवी आ वि माल्टा | २ | २ | ० | १६ | | |
| | | | | ३६ | श्री पद्मकन्या आ वि डाँडापांमा | १ | १ | १ | २६ | | |
| | | | | ३७ | श्री पंचकन्या आ वि पातलबारी | १ | १ | ० | ११ | | |
| | | | | ३८ | श्री सगरमाथा आ वि चपाबोटे | १ | १ | ० | १२ | | |
| | | | | ३९ | श्री इन्द्रेणी आ वि सिम्ले | १ | १ | ० | १० | | |
| | | | | ४० | श्री जनचाहना आ वि बेलडाँडा | २ | २ | ० | ३० | | |
| | | | | | **जम्मा** | | | | **७७७१** | | |
| | | | विद्यार्थी संख्या न्यून भएकोमा विद्यालय शिक्षक दरबन्दी मिलान गर्ने वा विद्यालय मर्ज गर्नेतर्फ अग्रसर हुनुपर्दछ। | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ३२,०२,०००।- तलब भत्ता भुक्तानी गरेको पाईयो। | |

| **गो.भौ.नं., मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| ४-२०७७।६।२० | ३ वाल विकास केन्द्रलाई संचालन निरन्तरता | ८८००० |
| | ४१ वाल शिककलाई दशै खर्च | ४१०००० |
| | मा.वि., नि.मा.वि. शिक्षकलाई ६ विद्यालय दशैं खर्च | ८००००० |
| २०-२०७७।१०।२१ | ३ वाल शिक्षकलाई दोस्रो चौमासिक निकासा | ७२००० |
| २२-२०७७।११।२ | विद्यालय कर्मचारी ४० लाई चाडवाड खर्च | ५३०००० |
| २३-२०७७।११।९ | ६ विद्यालयका शिक्षकका लागि दोस्रो चौमासिक | ५९९९४० |
| ४३-२०७८।२।२६ | ३ वाल विकास केन्द्र तेस्रो चौमासिक, पोषाक | १०२००० |
| ४४-२०७८।२।२६ | ६विद्यालयलाई तेस्रो चौमासिक निकासा | ६०००६० |
| | **जम्मा** | **३२०२०००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **औषधि खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. १८,००,०००।- का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको। आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको। आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन। औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको। औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको। तसर्थ, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ३८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २६७ जनालाई रोजगारी उपलव्ध गराई रु. ६६,६२,०००।- खर्च गरेको छ। लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार यस कार्यक्रमको उद्देश्य दीर्घकालिन सोच ज्ञान,सीप र क्षमतायुक्त प्रतिस्पर्धि श्रमशक्तिको विकास र उत्पादनशिल आन्तरिक रोजगारी सिर्जनामार्फत श्रमशक्तिको स्वदेशमै पुर्ण उपयोग गरी आर्थिक समृद्धि हासिल गर्ने तथा निर्देशिकाको बुँदा नम्बर ७० मा उल्लेख भएका सम्भावित क्षेत्रहरुमा मात्र सो रकम खर्च गर्न पाईने तथा असम्बन्धित कार्यहरुमा रकम खर्च गर्न नपाईने व्यवस्था रहेकोमा नगरपालिकाले रोजगार सेवा केन्द्र सुदृढिकरण शीर्षकबाट कार्यक्रमसँग देहायबमोजिमका असम्बन्धित खर्च गरेकोले सो रकम नियमित गर्नुपर्ने रु. | ९७,७५७ |

| गो भौ नं र मिति | खर्चको विवरण | रकम |
|---|---|---|
| २२४।०७८।३।१७ | स्यामसङ ए ७ ट्याबलेट बज्र ट्रेड खाँदबारीबाट खरिद | ३४९१७ |
| २४२।०७८।३।२० | झोला र रेनकोट खरिद वापत कृषा स्टोर एण्ड सप्लायर्सलाई भुक्तानी ल्यापटप झोलाः ८ प्रति झोला रु ६८८५ र रेनकोटः प्रति रेनकोट रु ४००० | ६२८४० |
| **जम्मा** | | **९७७५७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **सफ्टवेयर प्रणालीः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको छ। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ। | |
| ४० | | | **लाभग्राहीको विवरण प्रविष्टि गर्नेः**<br>लाभग्राहीको विवरण प्रविष्टि गर्नेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिहहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नारिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यस पालिकाले लाभग्राहीको नविकरणको लागि निवेदन वेगर एकमुष्ठ विगतको संख्या वरावर नै नविकरण गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए/नभएको यकिन हुन सकेन। | |
| ४१ | | | **पारदर्शिता र जवाफदेहिताः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन। | |
| ४२ | | | **सार्वजनिक सुनुवाईः**<br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>अनुगमन<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>भत्ता वितरणः<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormat) खाताको विवरण प्रतेक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि पहिलो चौमासिकको मंसिर ७, दोस्रो चौमासिकको चैत्र ७ एवं तेस्रो चौमासिकको असार मसान्त भित्र भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित निष्कृय खाता, Reverse Feed र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन।कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरुको बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नु पर्ने देखिन्छ। • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्रापत गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस वारे पालिकाले कुनै कारवाही गरेको देखिएन।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ बढी निकासाः<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन। नमुना छनौटको आधारमा लेखापरीक्षण गर्दा वडा नं. १, ५ र १० मा देहाय बमोजिम बढी भुक्तानी देखिन्छ। अन्य वडाको हकमा कार्यालयबाट छानविन गरी असुल हुनुपर्दछ। तसर्थ, पालिकाले लाभग्राही लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.<br><table>
<tr><th>नाम थर</th><th>समुह</th><th>चौमासिक</th><th>जन्ममिति/<br>नागरिकता नं.</th><th>विवरण</th><th>रकम</th></tr>
</table></td><td>४३,१००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **वडा नं. १** | | | | | | |
| | | | सन्त माया राई | जेष्ठ नागरिक (७०+) | पहिलो दोस्रो तेस्रो | नाप्रप २८७६/४४६४० वर्ष ८१ | मृत्यू २०७७।५।१३ भई तेस्रो चौमासिकसम्मकै बैङ्क ट्रान्सफर गरीएको (७७००+१२०००x२), रा.ब.बैङ्क २०८०१००००१५९१११९ | ३१७०० | |
| | | | रिञ्जिङ शेर्पा | जेष्ठ नागरिक (७०+) | दोस्रो | नाप्रप ३७४-४१८३६ वर्ष ७५ जन्मः २००२।३।१३ | मृत्यू २०७७।९।१० भई दोस्रो चौमासिक भरीको पुरै रकम बैङ्क ट्रान्सफर गरीएको (२०००+३०००x२), रा.ब.बैङ्क २०८०१००००१९०८११९ | ८००० | |
| | | | कृष्ण अधिकारी | जेष्ठ नागरिक (७०+) | दोस्रो | नाप्रप १५-४-९२७४-०२५ वर्ष ७१ | मृत्यू २०७७।८।२५ भएकोमा दोस्रो चौमासिकको सबै बैङ्क ट्रान्सफर गरीएको (५००+३०००x३), रा.ब.बैङ्क २०८०१००००३४७८११९ | ९५०० | |
| | | | **वडा नं. ५** | | | | | | |
| | | | पृथीमाया तामाङ्ग | जेष्ठ नागरिक (७०+) | तेस्रो | नाप्रप ६४० वर्ष ९५ | मृत्यू २०७८।२।२८ भएकोमा तस्रो चौमासिकको सबै बैङ्क ट्रान्सफर गरीएको (३०००x१), | ३००० | |
| | | | तुलाराम गुरुङ्ग | जेष्ठ नागरिक (७०+) | दोस्रो तेस्रो | नाप्रप १५८२-८५३५ वर्ष ८१ | मृत्यू २०७७।१०।१६ भएकोमा दोस्रो चौमासिकको पुरै र तस्रो चौमासिकको ५०३२ बैङ्क ट्रान्सफर गरीएको (१४००+३०००+५०३२), | ९४३२ | |
| | | | उदयराज निरौला | जेष्ठ नागरिक (७०+) | दोस्रो | नाप्रप ५५०-५५३० वर्ष ७६ | मृत्यू २०७७।९।१२ भएकोमा दोस्रो चौमासिकको पुरै बैङ्क ट्रान्सफर गरीएको (१८००+३०००x२), | ४८०० | |
| | | | चन्द्र बहादुर राई | जेष्ठ नागरिक (७०+) | तेस्रो | नाप्रप ९३-३०९६९ वर्ष ७५ | मृत्यू २०७७।१२।२० भएकोमा तेस्रो चौमासिका २००० मात्र भुक्तान हुनु पर्नेमा बढी रकम बैङ्क ट्रान्सफर गरीएको (३४४८-२०००), | १४८४ | |
| | | | **वडा नं. १०** | | | | | ० | |
| | | | डम्बर बहादुर विश्वकर्मा | जेष्ठ नागरिक (७०+) | पहिलो | नाप्रप १७९-२०७८९ वर्ष ९२ | मृत्यू २०७७।४।६ भएकोमा पहिलो चौमासिकको पुरै बैङ्क ट्रान्सफर गरीएको (२४००+३०००x३), | ११४०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | जीव माया दाहाल | जेष्ठ नागरिक (७०+) | दोस्रो | नाप्रप १०-०१-७५-००४१७ वर्ष ९२ | मृत्यू २०७७।११।५ भएकोमा दोस्रो चौमासिकको पुरै बैङ्क ट्रान्सफर गरीएको | २५०० | |
| | | | शुभ लक्ष्मी राई | जेष्ठ नागरिक (७०+) | तेस्रो | नाप्रप ९४३-२४५ वर्ष ८२ | मृत्यू २०७८।२।३१ भएकोमा तेस्रो चौमासिकको पुरै बैङ्क ट्रान्सफर गरीएको | ३००० | |
| | | | | | | | **जम्मा रकम** | **८४८१६** | |

पालिकाबाट सामाजिक सुरक्षा भत्ता राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेडमा वितरणको लागि निकाशा गरिएकोमा सम्बन्धित व्यक्तिको खातामा नगएको रकम खुल्ने विवरण हालसम्म पनि MIS मा फिर्ता (Reward Field) नगरेकोले वास्तविक वितरण भएको रकम यकिन गर्न सकिएन।

कार्यालयको मिति २०७९/३/६ को प्रतिक्रिया उपर निर्णयबाट फर्छ्यौट

४६

**सफ्टवेयर प्रणालीः**

कार्यपालिकाले प्रयोग गरेको MIS मा अद्यावधिक भएको सामाजिक सुरक्षा भत्ता पाउनेको संख्याको आधार नलिई सामाजिक सुरक्षा भत्ता रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट माग गरी बैङ्कमा ट्रान्सफर गरेको देखिन्छ। त्यस्तै, देहाय बमोजिम MIS ले अघिल्लो वर्षको अद्यावधिक, यस वर्षको थप र लगत कट्टा पछिको अद्यावधिक संख्याको तेस्रो चौमासिकमा जोडजम्मा नमिलेको देखिन्छ। लेखापरीक्षणको क्रममा कार्यालयले पेश गरेको MIS विवरण देहाय बमोजिम छ। जसमा उदाहरणको लागि जेष्ठ नागरिक भत्ता (७० वर्ष माथि) को विवरणमा दोस्रो चौमासिकमा कायम संख्या १,५८५ रहेकोमा तेश्रो चौमासिकमा थप संख्या ७६ र लगत कट्टा २०१ ले कायम संख्या १४६० हुनु पर्नेमा MIS ले १५३९ देखाएको छ।

**जिल्ला:** संखुवासभा **गाउँ/नगरपालिका :** खाँदवारी नगरपालिका **आर्थिक वर्ष :** २०७७/७८

| **लक्षित समुह** | **गत आ.व. को नविकरण भएको संख्या (१)** | **पहिलो चौमासिक** | | | **दोस्रो चौमासिक** | | | **तेस्रो चौमासिक** | | | **बार्षिक कायम संङ्ख्या** | | | **जम्मा संङ्ख्या** | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **नयाँ थप संङ्ख्या (२)** | **लगत कट्टा (३)** | **जम्मा कायम संङ्ख्या (क=१+२-३)** | **नयाँ थप संङ्ख्या (४)** | **लगत कट्टा (५)** | **जम्मा कायम संङ्ख्या (ख=क+४-५)** | **नयाँ थप संङ्ख्या (६)** | **लगत कट्टा (७)** | **जम्मा कायम संङ्ख्या (ग=ख+६-७)** | **पुरुष** | **महिला** | **अन्य** | | |
| जेष्ठ | १५०१ | २२९ | ५९ | १६७५ | ११६ | २०६ | १५८५ | ७६ | २०१ | १५३९ | ६१९ | ९२० | ० | १५३९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नागरिक भत्ता(७० वर्ष माथि) | | | | | | | | | | | | | | | | |
| | | | जेष्ठ नागरिक भत्ता (दलित) | १५२ | ३९ | ३ | ८८ | १३ | १४ | १८७ | १४ | १४ | १९१ | १०६ | ८५ | ० | १९१ | | |
| | | | जेष्ठ नागरिक एकल महिला | ३०३ | ५१ | ९ | ३४५ | १५ | २३ | ३३७ | १९ | ५४ | ३२३ | ० | ३२३ | ० | ३२३ | | |
| | | | विधवा | २९८ | ३४ | १० | ३२२ | १५ | १२ | ३२५ | १५ | ३२ | ३२२ | ० | ३२२ | ० | ३२२ | | |
| | | | पूर्ण अपाङ्गता भत्ता | ४७ | ३ | ३ | ४७ | १० | ७ | ५० | ४ | ७ | ५० | ३१ | १९ | ० | ५० | | |
| | | | अति अशक्त अपाङ्गता भत्ता | १०० | २१ | ४ | ११७ | ७ | ७ | ११७ | ७ | १६ | ११५ | ७३ | ४२ | ० | ११५ | | |
| | | | दलित बालबालिका | २५७ | ४६ | ३१ | २७२ | २९ | २८ | २७३ | २३ | ५३ | २६७ | १६९ | ९८ | ० | २६७ | | |
| | | | **जम्मा** | **२६६३** | **४२३** | **११९** | **२९६७** | **२०५** | **२९७** | **२८७५** | **१५८** | **३७९** | **२८०७** | **९९८** | **१८०९** | **०** | **२८०७** | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **समिति गठनः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि १ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ। | |
| ४८ | | | **कार्य योजनाः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वियन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन। ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ। | |
| ४९ | | | **विपद् व्यवस्थापन कोषः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ। पालिकाले गत वर्षको मौज्दात समेत रु. १,५२,६७,९३५।- आम्दानी भई रु. १,००,७७,०९२। खर्च गरी बाँकी रु. ५१,९०,८४३। देखिन्छ।कार्यालयले प्रकोप व्यवस्थापनअन्तर्ग ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ।<br>प्रकोप व्यवस्थापन २०७७।७८ मा भएको शीर्षकगत खर्चहरुः | |

| विपदको किसिम | खर्च शीर्षक | जम्मा रकम |
|---|---|---|
| विपद | मर्मतसंभार तथा व्यवस्थापन कार्य | २२५५३७ |
| विपद | आगलागी | ४०००० |
| विपद | सामग्रीखरीद पाईप | २३१२७९ |
| विपद | वाढीपहिरो | १३६५५९४ |
| विपद | खाजा | १४४४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | विपद | आयोनुन | ६७५० | | |
| | | | | विपद | तारजाली | ४९०७४१३ | | |
| | | | | विपद | सामग्रीखरीद प्रधानमन्त्री | ३४२२५४ | | |
| | | | | विपद | त्रिपालखरीद तथा ढुवानी | १०१२५० | | |
| | | | | विपद | खाधान्न | १७४९०० | | |
| | | | | **जम्माः** | | **७४०९४२२** | | |
| | | | | क्वारेन्टाईन | आइसोलेशनसामग्री भाडा वर्तन | ५७४९९ | | |
| | | | | क्वारेन्टाईन | खाधान्न | ८३५६६८ | | |
| | | | | क्वारेन्टाईन | सरसफाई | २६३३३ | | |
| | | | | क्वारेन्टाईन | पारिश्रमीक | १०५३०० | | |
| | | | | **जम्माः** | | **१०२४८००** | | |
| | | | | आईसोलेशन | माक्ससेनीटाईजर खरीद | ३१८१०१ | | |
| | | | | आईसोलेशन | स्वास्थ्यसामग्री | २९३८०० | | |
| | | | | आईसोलेशन | विजुलीमर्मत | १३२५० | | |
| | | | | आईसुलेशन | मर्मतसंभार तथानिर्माण | ८१९५४१ | | |
| | | | | कोरानामृत्यु | भाडासवारी | २१४०० | | |
| | | | | आईसोलेशन | विधुत रटेलिफोन खर्च | ९७०४८ | | |
| | | | | | | | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आईसोलेशन | पानी | ७६७३० | | |
| | | | | आईसोलेशन | सुचना तथासंचार | ३००० | | |
| | | | | **जम्माः** | | **१६४२८७०** | | |
| | | | | **कुल खर्च** | | **१००७७०९२** | | |
| ५० | | | **वार्षिक प्रतिवेदनः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ। | | | | | |
| ५१ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**<br>स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेख देख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१ वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ। उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वियन नगर्ने व्यवस्था छ। यस सम्बन्धमा यस वर्ष कुनै कार्य नभएको कार्यालयले जनाएको छ। | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **कोभिड-१९:**<br><br>आर्थिक वर्ष २०७७।७८ को असार मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण कार्यालयले निम्नानुसार रहेको उल्लेख | |

| **आम्दानी स्रोत** | **रकम** | **खर्च शीर्षक** | **रकम** |
|---|---|---|---|
| गत वर्षको बाँकी | | राहत वितरण | |
| स्थानीय तहको आफ्नै वजेटवाट | **१६९२६७०** | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | १०२४८०० |
| संघीय कोभिड कोषवाट | ९७५००० | औषधी एवं स्वास्थ्य उपकरण खरिद | २९३८०० |
| प्रदेश कोभिड कोषवाट | | आइसोलेसन केन्द्र निर्माण | १३४९०७० |
| अन्य स्रोतबाट | | खोप कार्यक्रम खर्च | |
| | | जोखिम भत्ता | ९७५००० |
| | | प्रशासनिक खर्च | |
| | | अन्य खर्च | |
| | | वाँकी | |
| **जम्मा** | **२६६७६७०** | | **२६६७६७०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **खाँदबारी रङ्गशालाः** <br> खेलाडीहरुको उत्पादन, विकास तथा व्यवस्थापनका प्रत्येक स्थानिय तहमा दीर्घकालीन महत्वका १ वटा खेलकुद पूर्वाधार निर्माण गर्न नेपाल सरकार तथा स्थानीय तहबाट भएको यसवर्ष खर्च रु. ६६,२३,१७५।- सम्बन्धमा देखिएको व्यहोरा नियमानुसार छन् : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७३ को दफा २४(२) सरकारी रकम खर्च गर्दा सार्वजनिक स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड २०७७ को ९(३) मा सार्वजनिक निकायको संयन्त्रबाट सम्पादन हुन सक्ने संभाव्यता अध्ययनसम्बन्धी कार्य परामर्शदाताबाट गराउन नपाउने उल्लेख छ। तर, पालिकाले २०७६।७७ मा वडा नं. ७ मा खेलमैदान निर्माणका लागि डि.ई.आर. प्रतिवेदन तयार गर्न २०७७।३।३० मा रु. ४,९५,२३३।- भुक्तानी दिएको देखिन्छ। उक्त तयार गरिएको डि.ई.आर. प्रतिवेदन स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधी, २०७५ बमोजिम आवश्यक न्युनतम मापदण्ड न्यूनतम २५ रोपनी जग्गा, खेलकुद ग्रामको रुपमा विकास गर्न क्रमिक रुपमा निर्माण हुदाँ आवश्यकता अनुसार क्षेत्र विस्तार गर्न मिल्ने स्थान लगायतका मापदण्ड र जग्गाको बनौट तथा प्रकार (भिरालो, पानी निस्कने, पहिरो जाने, आकार) बमोजिम आवश्यक संरचना निर्माण गर्न सक्ने संभाव्यता ख्याल नगरी तथा प्राप्त हुन नसक्ने जग्गा समेतलाई अनुमान गरी तयार गरिएका डि.ई.आर. प्रतिवेदन कार्यान्वयनयोग्य रहेको देखिदैन। साथै स्वीकृत डि.ई.आर. प्रतिवेदन तयार भईसकेको योजनाको कार्यान्वयन सोबमोजिम हुनुपर्नेमा उक्त डि.ई.आर. प्रतिवेदनमा गर्नुपर्ने कार्यको विस्तृत कार्यपरिमाणसहितको लागत अनुमान तयार गरेको देखिदैन। तसर्थ, उक्त प्रतिवेदन परामर्शदाताकोसँग भएको सम्मझौता बमोजिम कार्यान्वयन योग्य र पालिकाका प्राविधिकबाट दोहोरो लागत अनुमान तयार गर्नु नपर्ने गरी सच्याएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई असुलउपर गर्नुपर्ने रु. सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नम्बर ३ (४) मा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार सहलगानी वा सामझदारीमा संचालन हुने कार्यक्रम वा आयोजनाबाहेक कार्यक्रम वा आयोजना संचालन गर्दा एकआपसमा दोहोरो नपर्ने गरी संचालन गर्नुपर्ने तथा कुनै कारणले कुनै कार्यक्रम वा आयोजना दोहोरो पर्न गएमा अर्थ मन्त्रालयमा लेखी पठाउनुपर्ने उल्लेख छ। युवा तथा खेलकुद मन्त्रालयबाट उक्त खेल मैदान निर्माण गर्न स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम २ वर्षमा अनुदान प्राप्त हुनेमा पालिकाले उक्त खेल मैदान निर्माणमा पालिकातर्फबाट छुट्टै ५० लाख रकम विनियोजन गरी खर्च गरिएको छ। तसर्थ, सोको जानकारी अर्थमन्त्रालयलाई दिनुपर्दछ। | ४९५,२३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **१ करोड भन्दा बढिको कार्य उपभोक्ता समिति मार्फतः**<br>१ करोड भन्दा बढिको कार्य उपभोक्ता समिति मार्फतः सार्वजनिक खरिद नियमावलीको नियम ९७(१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक करोड रुपैंयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउने र लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद प्रक्रियामा प्रतिस्पर्धा सिमित हुने गरी नियममा भएको व्यवस्था विपरीत १ करोडभन्दा बढी लागत अनुमान भएको निम्न निर्माण कार्य उपभोक्ता समितिमार्फत गराएकोले अनियमित देखिएको रु.<br><br>**आयोजना** — **लागत अनुमान**<br>खाँदबारी रंगशाला निर्माण कार्य — १०१०२९५२. ००<br>खाँदबारी आइसोलेशन भवन निर्माण कार्य — १२४३२९०४.१२<br>**जम्मा** — **२२५३५८५६.१२** | २,२५३,५८६ |
| ५५ | | | **ग्याविन जाली तयार गरी ढुङ्गा भर्ने कार्यः**<br>पालिकाले प्रति घन मिटर ग्याविन जाली तयार गरी ढुङ्गा भर्ने कार्य गर्न खोलाको ढुङ्गा फुटाउने (बेक्रिङ) कार्यका लागि प्रति घन मिटर रु. ६,८७.५०मा कलेक्सन चार्ज रु ३२४.५ घटाइ रु ३६३ प्रति घन मिटर कार्यको बढी भुक्तानी दिएको देखिन्छ। जबकि सभाखोलामा ग्याविन भर्ने कार्यका लागि चाहिने आकारका ढुङ्गा उपलब्ध हुने र खोलाकै ढुङ्गा प्रयोग भएको अवस्था चट्टान फुटाउनुपर्ने मानी ग्याविन जाली तयार गरी ढुङ्गा भर्ने कार्यका लागि प्रति घन मिटर रु. ३६३।- का दरले ६७६ घन मिटर पालिका योजनातर्फ कार्यको रु. २,४५,३८८।- र संघीय सशर्त योजनातर्फ ५,३५.५० घन मिटर कार्यको रु. ३६३।- का दरले रु. १,९४,३८६।- समेत रु. ४,३९,७७४।- बढी भुक्तानी दिएकोले औचित्यपूर्ण नदेखिएको बढि भुक्तानी असुल गर्नुपर्ने रु. | ४३९,७७४ |
| ५६ | | | **माटो खन्ने तथा पुर्ने कार्यः**<br>सडक विभागको स्विकृत नर्म्समा एक्साभेटरबाट प्रति घण्टा ६० घन मिटर माटो खन्ने तथा पुर्ने कार्य हुने कुरा उल्लेख छ। जसअनुसार नापी किताबबाट संघीय सशर्त योजनातर्फ १६२९ घन मिटर कार्य गर्न एक्साभेटरबाट २७.१५ घण्टालाई प्रति घण्टा ४०४९.१६ दरले रु. १,०९,९३४.८७ भुक्तानी दिनुपर्नेमा रु. १,३६,०५२।- भुक्तानी दिएकोले बढी भुक्तानी दिएको गरी रु.२६,११८।- असुल गरी दाखिला गर्नुपर्ने रु. | २६,११८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td></td><td></td><td>

**ढुङ्गा सोलिङ कार्यः**

पालिकाले प्रति घन मिटर ढुङगा सोलिङ कार्य गर्न खोलाको ढुङगा फुटाउने (बेक्रिङ) कार्यका लागि प्रति घन मिटर रु. ३६३।- (रु. १०.२८ प्रति घन फिट)मा कार्यको बढी भुक्तानी दिएको देखिन्छ। जबकि सभाखोलामा सोलिङ कार्यका लागि चाहिने आकारका ढुङगा उपलब्ध हुने र खोलाकै ढुङगा प्रयोग भएको अवस्थामा चट्टान फुटाउनु पर्ने मानी ढुङ्गा सोलिङ कार्यका लागि प्रति घन फिट रु. १०.२८ का दरले निम्न कार्यको थप व्ययभार भएको औचित्यपूर्ण नदेखिएको बढि भुक्तानी रकम असुल गर्नुपर्ने रु

<table>
<tr><th>आयोजनाको नाम</th><th>कार्य परिणाम (वर्ग फिट)</th><th>दररेट</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>आइसोलेशन भवन निर्माण वडा नं ३</td><td>२७२४.६०</td><td>१०.२८</td><td>२८००९</td></tr>
<tr><td>आइसोलेशन भवन मर्मत पूरानो</td><td>२९९.४०</td><td>१०.२८</td><td>३०७८</td></tr>
<tr><td></td><td></td><td></td><td>३१०८७</td></tr>
</table>

</td><td>३१,०८७</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>

**पि.सि.सि. र आर.सि.सि. कार्यः**

पालिकाले प्रति घन फिट पि.सि.सि. र आर.सि.सि. कार्य गर्न ढुङगाको रोयल्टीका लागि प्रति घन मिटर रु. २११.६८ जोडी रु. ६.२७ प्रति घन फिटमा कार्यको बढी भुक्तानी दिएको देखिन्छ। जबकि जिल्ला दर रेटमा क्रसरको गिट्टीको प्रति घन मिटर रु. २,२००।- दर तोकिएकोमा पुनः ढुङ्गाको रोयल्टीका लागि प्रति घन फिट रु. ६.२७ का दरले निम्नानुसार बढी भुक्तानी दिएकोले औचित्यपूर्ण नदेखिएको बढि भुक्तानी रकम असुल गर्नुपर्ने रु

<table>
<tr><th>आयोजनाको नाम</th><th>कार्य परिणाम</th><th>दररेट</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>आइसोलेशनवार्ड भवननिर्माणवडा नं. ३ (वर्ग फिट)</td><td>२४८१.२७</td><td>६.२७</td><td>१५५५७.५६</td></tr>
<tr><td>आइसोलेशनभवन(पुरानो) मर्मत(वर्ग फिट)</td><td>३०८.२६</td><td>६.२७</td><td>१९३२.७९</td></tr>
<tr><td>पाँमा रंगशालानिर्माण (वर्ग मिटर)</td><td>६.२७</td><td>१९३२.७९</td><td>१२११८</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२९६०८.३५</td></tr>
</table>

</td><td>२९,६०८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>स्टोन मेसनरी वाल निर्माण कार्यः<br>पालिकाले प्रति घन फिट ढुङ्गा मेसनरी वाल निर्माण कार्य गर्न खोलाको ढुङ्गा फुटाउने (बेक्रिङ) कार्यका लागि प्रति घन फिट रु. १०.२८ जोडी बढी भुक्तानी दिएको देखिन्छ। जबकि सभाखोलामा ढुङ्गा मेसनरी वाल निर्माण कार्यका लागि चाहिने आकारका ढुङ्गा उपलब्ध हुने र खोलाकै ढुङ्गा प्रयोग भएको अवस्था चट्टान फुटाउनुपर्ने मानी ढुङ्गा लिङ कार्यका लागि प्रति घन फिट रु. १०.२८ का दरले ५,७३४.१८ घन फिट कार्यको रु. ५८,९४७।- बढी भुक्तानी दिएकोले औचित्यपूर्ण नदेखिएको बढि भुक्तानी रकम असुल गर्नुपर्ने रु.</td><td>५८,९४७</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>ब्रिक मेसनरी वाल निर्माण कार्यः<br>पालिकाले प्रति घन मिटर ब्रिक मेसनरी वाल निर्माण कार्य गर्न ईटाको संख्या ३९३ लिनुपर्नेमा ४४० लिई कार्यका लागि ४७ वटा ईटाको प्रति घन मिटर रु. १२२६.९४ बढी भुक्तानी दिएको देखिन्छ। जबकि यहाँको लोकल ईटाको साईज १०x५x३ ईन्च भएको ईटा नाप्दा पाइयो। तसर्थ, ईटाको उचाई ३ ईन्चमा ०.४ ईन्च मसलाको जोड गरी ईटाको साईज १०x५x३.४ को हिसाबले प्रति घन फिट रु. ३४.७५ का दरले निम्नानुसार बढी भुक्तानी दिएकोले औचित्यपूर्ण नदेखिएको बढि भुक्तानी रकम असुल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>आयोजनाको नाम</th><th>कार्य परिणाम</th><th>दररेट</th><th>बढि भुक्तानी</th></tr>
<tr><td>आइसोलेशनवार्ड भवननिर्माणवडा नं. ३ (वर्ग फिट)</td><td>५७३४.१८</td><td>३४.७५</td><td>१९९२६३</td></tr>
<tr><td>आइसोलेशनभवन(पुरानो) मर्मत (वर्ग फिट)</td><td>२१५.८८</td><td>३४.७५</td><td>७५०२</td></tr>
<tr><td>आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वाड नं. ७ (वर्ग मिटर)</td><td>२५.४३</td><td>११३६.०५</td><td>२८८९०</td></tr>
<tr><td>आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वाड नं. ७ (वर्ग मिटर)</td><td>२४.३५</td><td>११३६.०५</td><td>२७६६३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२६३३१८</td></tr>
</table></td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>क्षतिपूर्तिः<br>क्षतिपूर्तिः सार्वजनिक खरिद ऐनको दफा ५६ तथा नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा २१ दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने र निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले खरिद सम्झौता बमोजिमको काम समय मै सम्पन्न गर्न भरमग्दुर प्रयास गरेको थियो वा थिएन, सम्बन्धित सार्वजनिक निकायले निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदातालाई सम्झौता बमोजिम उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराएको थियो वा थिएन तथा काबुबाहिरको परिस्थितिको कारणबाट काममा ढिलाई भएको हो वा होइन सोको कारण खुलाई यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न नपाइने र नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई</td><td>४,९०१,०६३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५% पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्व निर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ। सम्मझौता अवधिको ५०% भन्दा बढि समय तोकिएको प्रक्रिया नपुयाई थप गरेको केहि उदाहरण निम्न छन। तसर्थ, पालिकाले शुरु सम्झौता अवधिको ५०% भन्दा बढि समय नियम विपरीत म्याद थप गरेको निम्न निर्माण व्यवसायीहरुबाट २०७८ असोज १५ सम्मको गुज्रेको म्याद अवधिको नियमानुसार क्षतिपूर्ति असूल गरी दाखिला गर्नुपर्ने रु. | |

| **आयोजनाको नाम** | **निर्माण व्यवसायीको नाम** | **गुज्रेको म्याद अवधि (दिन)** | **सम्झौता रकम (मु.अ. कर बाहेक)** | **क्षतिपुर्ति** |
|---|---|---|---|---|
| वडा नं. २ कार्यालयको भवननिर्माण | सुनकोशी-हलेशी जे.भी. | १०८ | १०६०४०४०.१७ | ५७२६१८.२ |
| वडा नं. ४ कार्यालयको भवननिर्माण | सुनकोशी-हलेशी जे.भी. | १०८ | १०७५३८९२.३२ | ५८०७१०.२ |
| वडा नं. ५ कार्यालयको भवननिर्माण | सुनकोशी-हलेशी जे.भी. | १०८ | १०११२७७६.५७ | ५४६०८९.९ |
| वडा नं. ६ कार्यालयको भवननिर्माण | सुनकोशी-हलेशी जे.भी. | १०८ | १०५०८९३४.६४ | ५६७४८२.५ |
| वडा नं. ७ कार्यालयको भवननिर्माण | सुनकोशी-हलेशी जे.भी. | १०८ | १०५३९९४५.१४ | ५६९१५७ |
| वडा नं. ८ कार्यालयको भवननिर्माण | सुनकोशी-हलेशी जे.भी. | १०८ | १०५०९२११.५९ | ५६७४९७.४ |
| वडा नं. ९ कार्यालयको भवननिर्माण | सुनकोशी-हलेशी जे.भी. | १०८ | १०१८५८९३.४ | ५५००३८.२ |
| वडा नं. ११ कार्यालयको भवननिर्माण | सुनकोशी-हलेशी जे.भी. | १०८ | १०८७४८४५.९६ | ५८७२४१.७ |
| आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. २ | काका निर्माण सेवा, संखुवासभा | ३९ | २७,०६,६८२.२५ | ५२७८०.३० |
| आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. ७ | काका निर्माण सेवा, संखुवासभा | ३९ | २७,२०,७६३.२५ | ५३०५४.८८ |
| ल्याण्डफिल्ड साईट जाने पक्की सडक निर्माण | रामचन्द्र निर्माण सेवा, संखुवासभा | १२१ | ३६,७९,६१२.०० | २,२३,३४२.५३ |
| तपासे पन्ध्रे हुदै वडा कार्यालय जाने सडक मर्मत खा.न.पा. ११ | कालाखेती निर्माण सेवा | ७७ | ८,०६,५००.०० | ३१,०५०.२५ |
| | **जम्मा** | | | **४९०१०६३** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **कार्यसम्पादन जमानतः**<br>सार्वजनिक खरिद नियमावलीको नियम ११०(४) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक उपनियम (१) बमोजिमको कार्यसम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको त्रुटी सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज)को अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ। पालिकाले निम्न निर्माणव्यवसायीहरु कार्यसम्पादन अवधि समाप्त भइसकेको अवस्था कार्यसम्पादन जमानतको म्याद बढाएको पाइएन। तसर्थ, पालिकाले निम्न कार्यको कार्यसम्पादन जमानतको म्याद लेखापरीक्षाणको क्रममा बेरुजु औल्याए पश्चयात २०७८।६।२२ मा त्रुटी सच्चाउने दायित्व भन्दा एक महिना बढिसम्मको अवधि बढाएको प्रमाण पेश हुन आएको छ। | |

| आपुर्तिकर्ताको नाम | सम्झौता रकम | कार्यसम्पादन जमानत रकम |
|---|---|---|
| वडा नं. २ कार्यालयको भवननिर्माण | १०६०४०४०.१७ | १९०००००० |
| वडा नं. ४ कार्यालयको भवननिर्माण | १०७५३८९२.३२ | १९०००००० |
| वडा नं. ५ कार्यालयको भवननिर्माण | १०११२७७६.५७ | १९०००००० |
| वडा नं. ६ कार्यालयको भवननिर्माण | १०५०८९३४.६४ | १९०००००० |
| वडा नं. ७कार्यालयको भवननिर्माण | १०५३९९४५.१४ | १९०००००० |
| वडा नं. ८ कार्यालयको भवननिर्माण | १०५०९२११.५९ | १९०००००० |
| वडा नं. ९ कार्यालयको भवननिर्माण | १०१८५८९३.४ | १९०००००० |
| वडा नं. ११ कार्यालयको भवननिर्माण | १०८७४८४५.९६ | १९०००००० |
| **जम्मा** | | **१५२०००००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **मनकामनाधाम जेष्ठ नागरिक आवास गृह निर्माण**<br>मनकामनाधाम जेष्ठ नागरिक आवास गृहको निर्माण गर्न लागत अनुमान ५,३६,३२,०६३.७५ (मु.अ.कर, कन्टेन्जेन्सी र मूल्य अभिवृद्धि सहित) स्वीकृत भई २०७८।३।२७ मा सम्झौता भई मिति २०७९ पौषसम्म कार्यसम्पन्न गर्ने गरी निर्माण व्यवसायी कुन्सालिङ्ग-अरुण बरुण जे.भी. सँग रु.२,६४,१०,१९९.६४ मा भएको सम्झौता सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्ः सार्वजनिक खर्चमा मितव्ययीता सम्बन्धी मापदण्ड, २०७७ को बुदाँ नं. ९(३) मा अर्थमन्त्रालयको सहमती नलिई दीर्घकालिन दायित्व सिर्जना हुने गरी ठेक्का बन्दोवस्त गर्न नपाईने र त्यसरी सहमती नलिई गरेको ठेक्का बन्दोवस्ती गरेको सम्बन्धित पदाधिकारी जिम्मेवार हुने उल्लेख छ। तर यस वर्ष पालिकाले जेष्ठ नागरिक आवास निर्माणको ठेक्का सम्मझौता अवधि १८ महिना राखेर निर्माण व्यवसायी कुन्सालिङ्ग-अरुण बरुण जे.भी. सँग रु.२,६४,१०,१९९।६४ मा सम्झौता गरेको छ। उल्लेखित मापदण्ड पालना हुने गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ। पालिकाले जेष्ठ नागरिक आवास निर्माण कार्यका लागि स्वीकृत बोलपत्र फारम (स्टेन्डर्ड विड डकुमेन्ट) को एस्.सि.सि. को जि.सि.सि ५३.१ मा उक्त सम्झौतामा मूल्य समायोजन नपाईने उल्लेख छ। तर पालिकाले सम्मझौता रकमको १० सम्म मूल्य समायोजनसहितको सम्मझौता गरेको छ। जसकारण पालिकालाई लागत अनुमान अनुसार रु. ३८,५२,८७८.१४ थप व्ययभार पर्ने देखिएकोले उक्त थप व्ययभार पार्ने गरी ठेक्का सम्मझौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने तथा भविष्य उक्त गलत सम्मझौताको आधारमा मूल्य समायोजन भुक्तानी हुन सक्ने देखिएकोले स्वीकृत बोलपत्र फारम अनुसार सच्याएको ठेक्का सम्मझौता प्रमाण पेश गर्नुपर्ने रु. | ३,८५२,८७८ |
| ६४ | | | **ल्यान्डफिल्ड साईट व्यवस्थापन कार्य** | |
| ६४.१ | | | सार्वजनिक खरिद ऐनको दफा ५२ (क) को (६) मा लिएको पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा (१) बमोजिम लिएको पेस्की अग्रिम बैङ्क जमानत जफत गरी लिनुपर्ने, उपदफा (४) मा निर्माण व्यवसायीले उपदफा (२) बमोजिम पहिलो पटक पेस्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरिसक्नु पर्नेछ र सार्वजनिक खरिद नियमावलीको नियम ११३ (६) मा नियमानुसार नगरेमा निजबाट त्यस्तो पेस्की रकमको सयकडा १० प्रतिशत व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। निर्माण व्यवसायीले सम्झौता भएको पेस्की लिएको २.५ महिना वितिसकेकोमा हाल सम्म कार्य शुरु नगरेको ले नियम तथा सम्झौताबमोजिम १० प्रतिशत रु. २६,४१,०१९।- मात्र भुक्तानी दिनुपर्नेमा २० प्रतिशतले हुन आउने रु. ५२,८०,०००।- भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम रु. २६,३८,९८१।- समेत गरी भुक्तानी दिएको पेस्की रकम अग्रिम बैङ्क जमानतबाट जफत गरी सो मा लाग्ने व्याज २.५ महिनाको रु. १,१०,०००।- गरी जम्मा रु. ५३,९०,०००। असुल नगरिएकोले सो रकम असुल उपर गर्नुपर्ने रु | ५,३९०,००० |
| ६४.२ | | | प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुदाँ नं. ४ घ मा योजना तथा कार्यक्रमको कूल लागतको केही अंश जनसहभागिता, अन्य क्षेत्र, संघसंस्था र स्थानीय तहबाट र बाँकि प्रदेश सरकारले ( बढिमा ७० प्रतिशत) उपलब्ध गराउने मा उक्त कार्य उपभोक्ता समितिबाट गराउनुपर्ने उल्लेख छ। तर पालिकाले उक्त कार्य जनश्रमदान प्राप्त नहुने गरी बोलपत्रबाट गरेको तथा प्रथम रनिङ्ग बील बमोजिम कुल बील रकम रु.२४,७०,४९३।- मध्ये प्रदेश सरकारतर्फबाट रु. १७,२९,३४५.१० मात्र भुक्तानी दिनुपर्नेमा पुरै भुक्तानी दिएकोले प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रु. | ७४१,१४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **ल्यान्डफिल्ड साईट व्यवस्थापन कार्य**<br>नेपाल रेडक्रस सोसाइटी संखुवासभा जिल्ला शाखाले बिराटनगर देखि खाँदवारीसम्म ५,२३१ के. जी. सामान रु. १३।- का दरले ढुवानी गराई हरी बहादुर पौडेललाई भुक्तानी रु. ५५,०००।- भुक्तानी गर्दा रु. १,३७५।– कर कट्टा गरेको छ। आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम ढुवानीमा १० प्रतिशत कर कट्टी गर्नुपर्नेमा रु. ४,१२५।- नपुग कर असुल हुनुपर्ने रु. | ४,१२५ |
| ६६ | | | **ल्यान्डफिल्ड साईट व्यवस्थापन कार्य**<br>सुवास स्टोर्स एण्ड सप्लायर्सबाट २०७८।२।२८ मा होम पाइप हेभि कोटेड मेशिन मेड ग्याविन बक्स ट्रिपोली टेन्ट निम्नानुसार खरिद गरी रु. ३४,७८,३०७।- खर्च लेखेकोमा सार्वजनिक खरिद नियमावली अनुसार पहिलो चौमासिक ठेक्का पट्टा गर्नुपर्नेमा २०७७।१२।२६ मा ठेक्का अधि बढाउने निर्णय भएको छ भने लागत अनुमान समेत समयमा स्वीकृत भएको छैन। निर्माण सामग्री प्रयोग पश्चात मूल्याङ्कन र कार्य सम्पन्न गर्नु पर्नेमा नियमानुसार उक्त कार्य भएको नदेखिएको रु. | ३,४७८,३०७ |

| **विवरण** | **दर** |
|---|---|
| ४५० एम एम डाइ NDP RCC होम पाइप | ३७ थान १५६३० |
| ६०० एम एम डाइ NDP RCC होम पाइप | १५ थान २०९२० |
| मेसिन मेड हेभि कोटेड ग्याविन बक्स ३ १ १ | १६० थान ३८०० |
| मेसिन मेड हेभि कोटेड ग्याविन बक्स २ १ १ | २०० थान २३०० |
| मेसिन मेड हेभि कोटेड ग्याविन बक्स १.५ १ १ | २०० थान १७०० |
| १७० ट्रिपोलि पाल टेन्ट १५ २४ | २०० थान २१०० |
| १७० ट्रिपोलि पाल टेन्ट १५ १८ | २०० थान १३०० |
| १७० ट्रिपोलि पाल टेन्ट १५ १८ | ९६ थान १००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **स्वीकृत डिजाइनभन्दा बढि कार्यको भुक्तानीः**<br>शहरी योजना तथा भवन निर्माण मापदण्ड अनुसार गर्नुपर्ने जम्मा कार्य क्षेत्रफलबाट गर्नु नपर्ने कामको क्षेत्रफल घटाई बाँकी कार्यको मात्र भुक्तानी दिनुपर्दछ। पालिकाले यस वर्ष निम्न कार्यको बढी परिमाण भुक्तानी दिएको रकम असुलउपर गर्नुपर्ने रु. | २०,३४० |
| ६८ | | | **नगरपालिका चालूतर्फ** | ७९५,१३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रदेश आर्थिक कार्यविधि २०७५ को दफा ३७(३) म खर्च गर्दाको विल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।देहाय बमोजिमको भुक्तानीमा भर्पाइ संलग्न नदेखिँदा बुझेको भर्पाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | |

| **क्र.सं.** | **गो.भौ.नं./मिति** | **कार्यक्रम** | **विवरण** | **रकम** |
|---|---|---|---|---|
| १ | ६०५-२०७८।३।३ | वडा स्तरिय खेलकूद गतिविधि संचालन गर्न क्लबहरुलाई वडाको सिफारिशमा सहयोग | वडा नं.२ का वडा सचिव लोकेन्द्र खत्रीलाई कबड्डी प्रतियोगितामा जर्शी र विविध खर्च बापतभुक्तानी भएको मा जर्शी वितरणको भरपाई नभएको। | २०००० |
| २ | ६२२-२०७८।०३।९ | दर्ता भएका कृषक समूहलाई कार्यक्रम सहयोग | एकता कृषक समूहले आफ्ना सदस्यहरुलाई पाईप वितरण बापत अनु आईरन स्टोरबाट पाईप खरिद गरेको रकमको भुक्तानी थापा गाउँबाट रसाईली गाउँ हुंदै दश्मुरे जोड्ने मोटरबाटो मर्मत उपभोक्ता समितिलाई भएको हुँदा सो उपभोक्ता समितिलाई भुक्तानी हुन पर्ने कुनै आधारदेखिएन. | १५००० |
| ३ | ६३६-२०७८।३।१० | संचार | गो.भौ.नं.६३६।२०७८।३।१० जानकी टेक्नोलोजी प्रा.लि.लाई BLUK sms system र API सेवा उपभोग बापत भुक्तानी गरेकोमा सक्कल विल पेश नगरेको हुँदा विल पेश गर्ने अन्यथा असुल गर्न पर्ने। | ३६१६० |
| ४ | ६६२-२०७८।३।१४ | वडा स्तरिय खेलकूद गतिविधि संचालन गर्न क्लबहरुलाई वडाको सिफारिशमा सहयोग | वडा नं.४ खेलकूद क्लबलाई जर्शी सेट र ट्र्याकसुट बापत वडाध्यक्ष सजित राईलाई भुक्तानी गरेकोमा सो सामग्री क्लबलाई हस्तान्तरण गरेको प्रमाण पेश नभएको। | १९६५० |
| ५ | ६७२-२०७८।३।१५ | वडा स्तरिय खेलकूद गतिविधि संचालन गर्न क्लबहरुलाई वडाको सिफारिशमा सहयोग शीर्षक | नं.८ को अरुण बाल क्लबलाई खेलकूद सामग्री खरिद बापतको रकमवडा अध्यक्ष सिता कटुवाललाई भुक्तानी भएकोमा सामग्री बुझेको प्रमाण पेश नभएको। | १९९७५ |
| ६ | ६९४- | सूर्योदय महिला विकास | सूर्योदय महिला विकास समितिका अध्यक्ष ईन्द्र कुमारी राईलाई बंगुरको पाठापाठी खरिद तथा वितरणको | ५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७८।३।१७ | समिति नयाँ वस्ती वडा नं.१ मार्फत बंगुर पालन | लागिभुक्तानी गरेकोमा बंगुरको पाठापाठी वितरणको भरपाई नभएको। | | | |
| | | | | ७ | ७४२-२०७८।३।२७ | विविध कार्यक्रम खर्च उप प्रमुख | पतंजली योग समिति खादवारीलाई ट्राकसुट खरिद वापत भुक्तानी गरेकोमा बिल भरपाई संलग्न नभएको। | ११०३८५ | | |
| | | | | ८ | ७१३-२०७८।३।२० | वडा स्तरिय खेलकूद गतिविधि संचालन गर्न क्लबहरुलाई वडाको सिफारिशमा सहयोग | वडा न ३ का वडा सचिव बुद्धी बहादुर घिमिरेलाइ जर्सी खरिद वापत भुक्तानी गरेकोमा सो जर्सी क्लवका सदस्यहरुलाइ वितरण गरेको भरपाइ नभएको। | १९९०० | | |
| | | | | ९ | ७३१-२०७८।३।२३ | वडा स्तरीय खेलकुद कार्यक्रम | मनकामना रत्न अम्विका मा वि लाइ वडा स्तरिय उपमेयर कप कबड्डी परितयोगिता का लागि ट्राकसुट खरिद वापत भुक्तानी गरेकोमा वितरणको भरपाइ नभएको | ११००० | | |
| | | | | १० | ७३९-२०७८।३।२७ | विपद व्यवस्थापन राहत सामग्री खरिद भण्डार र वितरण | वडा भित्रका सार्वजनिक विद्यालय, प्रहरी कार्यालय, अति विपन्न परिवार र संक्रमति घरपरिवारलाई स्यानिटाइजर, मास्क, साबुन वितरण गर्ने भन्ने वडा समितिको बैठक बाट निर्णय भएकोमा मास्क स्यानिटाईजर बाहेक रु.४९७५०।-को २३ थान पाल खरिद गरेकोमा वितरण गरेको भरपाई हेर्दा १० थान मात्र बाडेको देखिन्छ अत बाकी १३ थान पालकोभरपाई पेश गर्नेपर्ने अन्यथा असुल गर्नपर्ने रु. | २८११९ | | |
| | | | | ११ | ७५१-२०७८।३।२८ | कोभिड १९ तथा स्वास्थ्य सुरक्षा विपद व्यवस्थापन | वडा नं. १ मा मन्दिर घण्टा १ थान रु.३९५५०।००र पाल रु. ५००००।- को विल रकम भुक्तानी गरेको मा वितरणको भरपाई नभएको | ८९५५० | | |
| | | | | १२ | ७७३-२०७८।३।२९ | वडा भित्रका टोल विकास संस्थालाई विकासको काममा परिचालन गरि पुरस्कार दिने | वडा नं.८ को वडा समितिको निर्णयको आधारमा अनु आईरन स्टोरबाट पोलिथिन पाइप खरिद गरेको विल वापत १५०००० भुक्तानी भएकोमा खरिदको प्रयोजन नखुल्ने तथा वितरणको भरपाई संलग्न नभएको। | १५०००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १४ | ७९९-२०७८।३।३० | वडा स्तरिय खेलकुद कार्यक्रम | वडा नं. ९ का माघव कटुवालको नाममा २६ थान जरसी खरिद वापत भुक्तानी भएकोमा वितरणको भरपाई नभएको। | १७००० | |
| | | | १५ | ४२७-२०७७।१२।३ | तिन पोखरी समाज विकास क्लव व्याडमिन्टन | उत्त क्लवलकुद कार्यक्रम संचालन गर्न ४० थान जर्सी खरिद गरे वापत भुक्तानी गरेको मा वितरणको भरपाई नभएको | २८००० | |
| | | | १६ | ४३४-२०७७।१२।४ | वडा भित्रका विद्यालयका विद्यार्थीहरुका लागि पुस्तक बोक्ने झोला वितरण | वडा नं.५ को कार्यक्रममा वडा भित्रका ३ वद्यिोलयमा ३३६ थान झोला खरिद तथा वितरण वापत भुक्तानी भएकोमा ३१७ थान मात्र बुझाएको देखिन्छ, १९ थान झोला वापतको रकम असुल गर्न पर्ने | ११४८६ | |
| | | | १७ | ७३२-२०७८।३।२३ | कला संस्कृति तथा साहित्य प्रवर्द्धन | कला संस्कृति तथा साहित्य प्रवर्द्धन शीर्षकबाट खेन्पालुङ अध्ययन अनुसन्धान केन्द्र नेपाललाई रु. २९३२७४।- भुक्तानी भएकोमा रु १८०४००।- विल विजक वेगर भुक्तानी गरेकोले असुल हुनुपर्ने रु | १८०४०० | |
| | | | **जम्मा** | | | | **८०६६२५** | |
| | | | कार्यालयको मिति २०७९/३/६ को प्रतिक्रिया उपर निर्णयबाट तालिको सि .न १६ को व्यहोरा फर्छयौट | | | | | |
| ६९ | | | **कार्यक्रम विपरित खर्चः**<br>कार्यक्रम विपरित खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ अनुसार सालबसाली विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शीर्षक तथा उपशीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यका निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसारको कारोबारमा कार्यक्रम विपरित खर्च गरेको छ। • गो.भौ.नं. ७३२।२०७८।३।२३ कला संस्कृति तथा साहित्य प्रवर्द्धन शीर्षकबाट खेन्पालुङ अध्ययन अनुसन्धान केन्द्र नेपाललाई रु ३,०५,०००।- भुक्तानी भएकोमा कार्यपालिकाको निर्णय नभएको • गो.भौ.नं. ६५८।२०७८।३।१३ विविध कार्यक्रम खर्च नगर प्रमूख शीर्षकबाट सिन्के धूप बनाउने मेशिन किन्नको लागि एकल महिला समूह नेपाललाई रु १,००,०००।- भुक्तानी गरिएकोमा कार्यपालिका तथा सभाको स्वीकृति वेगर दिईएको। तसर्थ, नगरसभाको स्वीकृति वेगर खर्च गरेको रकम अनियमित भएको रु. | | | | | ४०५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।स्थानीय तहले खाँदबारी नगरपालिका कर्मचारीहरुको कार्यसम्पादन प्रोत्साहन कार्यविधि, २०७५ बनाइ सुरु तलब स्केलको ३५ प्रतिशतमा नबढ्ने गरी कार्यसम्पादन, अतिरिक्त कार्यघण्टा, कार्यालय हाजिरी दिन, अनुशासन तथा आचरण र पोषाक जस्ता सुचक बनाइ त्यसमा अंक दिई सोही आधारमा ८० जना कर्मचारीलाई प्रोत्साहन भत्ता वापत भौचर नम्बर ५०८/२०७७।१२।२७, ५८९/२०७८।२।२९ र ७६५/२०७८।३।२० बाट रु. ४८,५६,१५८।- खर्च गरेको छ।उक्त खर्चमा १ प्रतिशत मात्र कर कट्टी गरेको छ। आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम रोजगारीको आयमा गणना गरी कर गणना गर्नुपर्नेमा सो गरेको नदेखिँदा लाग्ने कर यकिन गरी दाखिला हुनुपर्ने रु | ६७९,८६२ |
| ७१ | | | **अतिरिक्त सुविधाः**<br>(गो.भौ.नं ६०३/३/७) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम घरेलु विकास समिति धनकुटाबाट समायोजन भई आएका कर्मचारीहरुले घरेलु तथा साना उद्योग विकास समिति कर्मचारी सेवा सर्त नियमावली, २०५५ संसोधन सहितमा भएको व्यवस्था अनुसार खाइपाइ आएको संचित विदा र औषधि उपचार खर्च वापत अतिरिक्त सुविधालाई नगरपालिका समायोजन भएर आए पश्चात पनि भुक्तानी लिएकोले यस्तो सुविधा नियमानुसार पाउने भन्दा उक्त कार्यालयमा कार्यरत कर्मचारीका लागि अतिरिक्त सुविधा वापत उपलब्ध गराइएको र कर्मचारी समायोजन ऐन, २०७५ को दफा १५(२) मा भएको व्यवस्थाले यस ऐन अनुसार समायोजन हुने कर्मचारीलाई खाइपाइ आएको तलब सुविधा लगायतका सुविधा सोही बमोजिम पाउने व्यवस्था गरेकोमा अतिरिक्त सुविधा वापत केही व्यवस्था नगरेको साथै सोही व्यवस्थालाई आधार मानेर सुविधा लिने कानुनी आधार पेश नभएकोले गो.भौ.नं १३३।२०७७।७।१७ पारिश्रमिक कर्मचारी शीर्षकबाट लेखा अधिकृत गुणराज खत्रीलाई घर बिदा बापत भनी रु. ४७,९६६।- भुक्तानी भएकोले सो रकम असुल हुनुपर्दछ। | ४७,९६६ |
| ७२ | | | **पारिश्रमिक करः**<br>आयकर ऐन, २०५८ को दफा ८७ र अनुसूची १ बमोजिम रोजगारीको आयमा गणना गरी कर गणना गर्नुपर्नेमा लेखा अधिकृत रुद्रमणि श्रेष्ठले तलब भत्ता, अतिरिक्त समयको भत्ता लिने साथै चैनपुर नगरपालिकामा समेत लेखा अधिकृतको रुपमा अतिरिक्त कामकाज गरे वापत नगरकार्यपालिकाको बैठकबाट निजले पाउने सेवा सुविधा बराबरको शतप्रतिशत प्रोत्साहन उपलब्ध गराउने निर्णय बमोजिम निजले दुबै नगरपालीकाबाट तलब भत्ता तथा दशैं खर्च भुक्तानी दिएको देखिन्छ। जसबाट निजको अतिरिक्त कर लाग्ने आय रु. ६,९६,९५४।- रहेको छ, जसअनुसार रु. १,४९,०८६।- कर छुट भएको छ। जसमा १ प्रतिशत कर कट्टी रु. ६,९६९।- मात्र गरेको देखिँदा नपुग रु. १,४२,११६।- निजबाट असुल गरी संघीय संचित कोष दाखिल हुनुपर्ने रु. | १४२,११६ |
| ७३ | | | **बढी भुक्तानीः**<br>३५२।२०७७।१०।२० पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च, सुचना प्रकाशन वापत एडी फोकस मल्टीपल वजीनेश प्राईभेट लिमिटेडलाई रु. ३,१०,४६१।- भुक्तानी गरिएकोमा विलमा उल्लेखित सुचनाको साईज ४*१८ उल्लेख गरेकोमा प्रकाशित सूचनाको साइज ४*१५ देखिँदा बढी भुक्तानी भएको रु. १४,९८४।- सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु. | १४,९८४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७४</td><td></td><td></td><td>
विलम्ब शुल्क<br>
कार्यालयले धारा विजुलीको विल तथा सवारी साधन नविकरण शुल्क समयमा तिरी संस्थाले उपलब्ध गराएको छुटको सुविधा लिनुपर्नेमा ढिलो गरि भुक्तानी गर्दा विलम्ब शुल्क समेत तिर्नु परेकोले यसरी बिल रकम भन्दा बढी भुक्तान गर्नुपरेको विलम्ब शुल्क नतिर्ने गरी आन्तरिक नियन्त्रण प्रणाली बनाउनु पर्दछ।
<table>
<tr><th>भौ नं. मिति</th><th>विलम्ब शुल्क</th><th>कैफियत</th></tr>
<tr><td>३०७।२०७७।१०।१४</td><td>९४५०</td><td>सवारीसाधन नविकरण</td></tr>
<tr><td>४५८।२०७७।१२।१७</td><td>३१५०</td><td>सवारीसाधन नविकरण</td></tr>
<tr><td>जम्मा</td><td>१२६००</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>
वितरणमुखी कार्यक्रमः<br>
स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। नगरपालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वियन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ।उदाहरणः
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं./मिति</th><th>कार्यक्रम</th><th>खर्च रकम</th></tr>
<tr><td>१</td><td>३४३।२०७७।१०।१९</td><td>खादबारी युथ क्लवलाइ साउण्ड सिस्टम खरिद</td><td>५०००००</td></tr>
<tr><td>२</td><td>६२१।२०७८।३।८</td><td>बराजुथान मन्दिर अगाडी चैतारा निर्माण</td><td>१०००००</td></tr>
<tr><td>३</td><td>७५९।२०७८।३।२९</td><td>सखुवासभा कर्मचारी मिलन केन्द्रलाइ भित्ते पात्रो छपाइ</td><td>५००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>
सोझै खरिदः<br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. ५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ रु. २५७१५२३।- निम्नानुसार सोझै खरिद गरेको छ।
<table>
<tr><th>गो.भौ. र मिति</th><th>खरिद विवरण</th><th>सेवा प्रदायक</th><th>रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ५९।०७७।९।१९ | मेसिनरी औजार अन्तर्गत ल्यापटप तथा अन्य | बज्र क्रिएटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | ३२६९०९ | |
| | | | ८६।०७७।१०।१२ | ल्यापटप तथा व्याट्री खरिद | बज्र क्रिएटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स र बज्र ट्रेड | २९८२०० | |
| | | | १०५।०७७।११।६ | ल्यापटप खरिद | बज्र क्रिएटिभ कम्प्युटर ट्रेड एण्ड सप्लायर्स | ८२९९१ | |
| | | | १४८।०७७।११।१९ | मोटोर साईकल खरिद<br>लु ६९ प ३८८५ | पुनम एण्ड प्रशन्न अटो ट्रेड | २७७४६० | |
| | | | १९५।०७७।१२।१७ | ल्यापटप तथा फर्निचर खरिद | क्रिएटिभ कम्प्युटर सेन्टर र ज्योती फर्निचर | २३१९५५ | |
| | | | २०३।०७७।९।१९ | फर्निचर खरिद | ज्योती फर्निचर | ७००६० | |
